MILLENNIUM
CHALLENGE CORPORATION
UNITED STATES OF AMERICA

# एमसिए-नेपाल समाचारपत्र

अङ्क ५ २०७९ साल कात्तिक - पुस

## विषय सूची


- कार्यक्रमहरू २
- विद्युत् प्रसारण आयोजना ४
- सडक मर्मत आयोजना ८
- एमसीसी नेपाल कम्प्याक्ट तथ्यहरू ९
- नयाँ प्रकाशनहरु ९
- सामुदायिक आवाज १०


अद्यावधिक जानकारीका लागि



# नवनियुक्त अमेरिकी राजदूत तथा नियोग उप-प्रमुख एमसिए-नेपाल कार्यालयमा

नेपालका लागि संयुक्त राज्य अमेरिकाका नवनियुक्त राजदूत महामहिम श्री डिन थम्पसनले २०७९ साल मङ्सिर २ गते मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) कार्यालयको भ्रमण गर्नुभएको छ ।

एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्टले उहाँको स्वागत गर्नुका साथै एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रम अन्तर्गत कार्यान्वयन हुन लागेका विद्युत् प्रसारण आयोजना तथा सडक मर्मत आयोजनासम्बन्धी तयारी कार्यहरू तथा अद्यावधिक अवस्थाबारे जानकारी गराउनुभएको थियो ।

यसैगरी नेपालस्थित अमेरिकी राजदूतावासका नवनियुक्त नियोग उप-प्रमुख श्री जेसन पी. मिक्सले पनि यही मङ्सिर २० गते एमसिए-नेपाल कार्यालयको भ्रमण गर्नुभएको थियो ।





*नेपालका लागि संयुक्त राज्य अमेरिकाका नवनियुक्त राजदूत महामहिम श्री डिन थम्पसन एमसिए-नेपाल कार्यालयमा ।*






*नेपालस्थित अमेरिकी राजदूतावासका नवनियुक्त नियोग उप-प्रमुख श्री जेसन पी. मिक्स एमसिए-नेपाल कार्यालयमा ।*

# कार्यक्रमहरू

## प्रसारण लाइन र सबस्टेशन निर्माण व्यवसायीहरूसँग छलफल कार्यक्रम

एमसिए-नेपालले विद्युत् प्रसारण लाइन र सबस्टेसनको निर्माणका लागि सम्भावित निर्माण व्यवसायीहरूसँग २०७९ साल मङ्सिर १५ र १६ गते भारतको नयाँदिल्लीमा एक छलफल कार्यक्रम आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा करिब ३१५ किलोमिटर लामो ४०० केभी क्षमताको विद्युत् प्रसारण लाइन र तीनवटा ४०० केभी क्षमताका सबस्टेसन डिजाइन, आपूर्ति र जडान, परीक्षण र कार्य सम्पन्नतासम्बन्धी विस्तृत जानकारी प्रदान गरिएको थियो । यसैगरी विभिन्न अन्तरराष्ट्रिय कम्पनीहरूका ९० जनाभन्दा बढी प्रतिनिधिको प्रत्यक्ष तथा अनलाइन सहभागिता भएको उक्त कार्यक्रममा एमसिए-नेपालको खरिद प्रक्रिया, आधारभूत मान्यताहरू र मार्गनिर्देशिकाहरूबारे प्रकाश पारिएको थियो ।



*एमसिए-नेपालका व्यवस्थापनसम्बन्धी उप-कार्यकारी निर्देशक श्रीमती शालिनी त्रिपाठीले आयोजनाहरूसम्बन्धी अद्यावधिक जानकारी प्रस्तुत गर्नुहुँदै ।*

उक्त कार्यक्रममा एमसिए-नेपालका व्यवस्थापनसम्बन्धी उप-कार्यकारी निर्देशक श्रीमती शालिनी त्रिपाठीले सहभागीहरूलाई स्वागत गर्दै आयोजनाहरूसम्बन्धी अद्यावधिक जानकारी प्रस्तुत गर्नुभयो ।

उहाँले छनोट प्रक्रिया गुणस्तरीय कामका आधारमा निष्पक्षतापूर्वक गरिने तथ्यमा प्रकाश पार्नुहुँदै विद्युत् प्रसारण लाइन तथा सबस्टेशन निर्माणसम्बन्धी खरिद प्रक्रियामा सहभागी हुन सहभागीहरूलाई आह्वान गर्नुभयो ।

एमसीसीका कार्यक्रम खरिद तथा सहायता समूह निर्देशक श्री हुलियो सारियाले एमसीसीको परिचय प्रस्तुत गर्नुहुँदै विश्वका विभिन्न स्थानमा कार्यान्वयन भइरहेका एमसीसी कम्प्याक्ट कार्यक्रमहरूबारे प्रकाश पार्नुभयो ।

एमसिए-नेपालका सबस्टेशन आयोजना व्यवस्थापक श्री सञ्जय शर्माले विद्युत् प्रसारण आयोजनाबारे जानकारी दिनुहुँदै यसको कार्यक्षेत्र र आवश्यकताहरूबारे प्रकाश पार्नुभएको थियो भने एमसिए-नेपालका परामर्शदाता डीटी ग्लोबल नेपालका खरिद एजेण्ट श्री लुइस भिल्लाल्टाले एमसिए-नेपालको खरिद प्रक्रिया, सिद्धान्त तथा निर्देशिकासम्बन्धी जानकारी प्रस्तुत गर्नुभएको थियो ।



*एमसिए-नेपालका परामर्शदाता श्री लुइस भिल्लाल्टा खरिद प्रक्रिया, सिद्धान्त तथा निर्देशिकासम्बन्धी जानकारी प्रस्तुत गर्नुहुँदै ।*

# एमसिए-नेपालका सञ्चालक समिति सदस्यहरूका लागि अभिमुखीकरण

एमसिए-नेपालले यसका सञ्चालक समिति सदस्यहरूका लागि एमसिए-नेपालको संरचना र एमसीसी नेपाल कम्प्याक्टका आयोजनाहरूको अवस्थाबारे २०७९ साल कात्तिक २८ गते अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ ।

उक्त कार्यक्रममा सञ्चालक समितिका सदस्यहरूलाई स्वागत गर्दै एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर बिष्टले सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरूप्रति एमसिए-नेपालका मुख्य क्रियाकलापहरूमा उहाँहरूको नेतृत्व तथा नियमित मार्गनिर्देशनका लागि आभार व्यक्त गर्नुभयो । साथै उहाँले तयारी चरणमा आयोजनाहरूका मुख्य उपलब्धिहरूमा केन्द्रित रहँदै आगामी दिनका जोखिम तथा चुनौतीहरूबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

सोही क्रममा एमसीसीका नेपालका लागि कार्यवाहक आवासीय राष्ट्रिय निर्देशक श्री सञ्जय पौड्यालले एमसीसीको विश्वव्यापी संरचना, राष्ट्र छनोट मापदण्ड, विश्वका विभिन्न राष्ट्रमा कार्यान्वयन भइरहेका एमसीसी कम्प्याक्टहरू तथा आर्थिक वृद्धिमार्फत गरिबी न्यूनीकरण गर्ने यसको सर्वोच्च लक्ष्यबारे प्रकाश पार्नुभयो ।

यसैगरी एमसिए-नेपालका खरिद व्यवस्थापक श्री महेन्द्रकुमार श्रेष्ठ, प्रमुख वित्त अधिकृत श्री निर्मलकुमार खतिवडा, डीटी-ग्लोबलका खरिद एजेण्ट व्यवस्थापक श्री लुइस भिलाल्टा तथा वित्त एजेण्ट व्यवस्थापक श्री बाब्केन म्नात्साकान्यानले पनि एमसिए-नेपालको खरिद तथा वित्तीय संरचना एवं प्रक्रियाहरूबारे जानकारी गराउनुभएको थियो ।



*अर्थ मन्त्रालयका सचिव तथा एमसिए-नेपाल सञ्चालक समितिका अध्यक्ष श्री कृष्णहरि पुष्कर समापन मन्तव्य राख्नुहुँदै*

अर्थ मन्त्रालयका सचिव तथा एमसिए-नेपाल सञ्चालक समितिका अध्यक्ष श्री कृष्णहरि पुष्करले समापन मन्तव्य राख्नुहुँदै नेपालको पूर्वाधार विकासका लागि एमसीसी नेपाल कम्प्याक्टले महत्वपूर्ण योगदान गर्ने विश्वास व्यक्त गर्नुका साथै यसको सफलतापूर्ण कार्यान्वयनका लागि नेपाल सरकार पूर्ण प्रतिबद्ध रहेको बताउनुभयो ।



*अभिमूखीकरण कार्यक्रमका सहभागीहरू तथा स्रोत व्यक्तिहरू ।*

# रातमाटे सबस्टेशन निर्माणस्थल वरिपरि पर्खाल निर्माणका लागि सम्झौता

एमसिए-नेपालले नुवाकोटको बेलकोटगढी नगरपालिका वडा नं. ७ स्थित रातमाटेमा रहेको ४०० केभी सबस्टेशन निर्माणस्थल वरिपरि पर्खाल निर्माणका लागि विनायक निर्माण कम्पनी प्रालिसँग २०७९ साल कात्तिक २८ गते सम्झौता गरेको छ ।

उक्त सम्झौता अन्तर्गत नुवाकोटको बेलकोटगढी नगरपालिका-७ मा रातमाटे सबस्टेशन निर्माणका लागि अधिग्रहण गरिएको क्षेत्रमा १८० दिनभित्र साँध पर्खाल निर्माण गरिनेछ । एमसिए-नेपालले विद्युत् प्रसारण आयोजना अन्तर्गत ४०० केभी सबस्टेशन निर्माणका लागि नुवाकोटको रातमाटेमा ३९८ रोपनी जग्गा प्राप्त गरेको छ ।

उक्त सम्झौतामा एमसिए-नेपालको तर्फबाट कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट तथा विनायक निर्माण कम्पनी प्रालिका तर्फबाट निर्देशक श्री सुदिन श्रेष्ठले हस्ताक्षर गर्नुभएको थियो ।



*सम्झौतापत्रमा हस्ताक्षरपछि एमसिए-नेपालको कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट तथा विनायक निर्माण कम्पनी प्रालिका निर्देशक श्री सुदिन श्रेष्ठ ।*

## ३१५ किमि लामो ४०० केभी प्रसारण लाइन निर्माणका लागि टेण्डर आह्वान

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजना अन्तर्गत ३१५ किलोमिटर लामो ४०० केभी डबल सर्किट क्वाड मूज ओभरहेड विद्युत् प्रसारण लाइन निर्माणका लागि टेण्डर आह्वान गरेको छ ।

उक्त विद्युत् प्रसारण लाइनको डिजाइन, आपूर्ति, जडान, परीक्षण र कार्य सम्पन्नताका लागि सम्पूर्ण इच्छुक तथा योग्य निर्माण व्यवसायीहरूलाई सिलबन्दी टेण्डर हाल्नका लागि आह्वान गर्दै २०७९ साल मङ्सिर १२ गते उक्त खरिदसम्बन्धी सूचना प्रकाशित गरिएको थियो ।

उक्त निर्माण कार्यसम्बन्धी टेण्डर लाई तीन खण्डमा विभाजन गरिएको छ। पहिलो खण्डमा लप्सीफेदी - रातमाटे - नयाँ हेटौंडासम्मको ११७ किमि लामो प्रसारण लाइन, दोस्रो खण्डमा रातमाटेदेखि नयाँ दमौलीसम्मको ९० किमि लामो प्रसारण लाइन र तेस्रो खण्डमा नयाँ दमौलीदेखि नयाँ बुटवलसम्मको ९० किमि लामो प्रसारण लाइन (नयाँ बुटवलदेखि नेपाल-भारत सीमासम्मको १८ किमिको विकल्पसहित) रहेका छन् । टेण्डर हाल्ने अन्तिम मिति २०७९ साल चैत १३ गते तोकिएको छ ।

टेण्डरसम्बन्धी सम्पूर्ण कागजपत्र इच्छुक योग्य निर्माण कम्पनीहरूले MCANepalPA@mcanp.org लाई बोधार्थ दिएर मा MCANepalPA@dt-global.com ई-मेलमा अनुरोध गरेर प्राप्त गर्न सक्छन् ।

## आयोजना प्रभावितहरूका लागि बेमौसमी तरकारी खेती तालिम

एमसिए-नेपालको रातमाटे सबस्टेशन क्षेत्रका प्रभावित व्यक्तिहरूका लागि जीविकोपार्जन पुनःस्थापना कार्यक्रमसम्बन्धी परामर्शदाता सप्रोस नेपालले नुवाकोटको बेलकोटगढी-७ मा २०७९ साल पुस ५ देखि ७ गतेसम्म १६ जना आयोजना प्रभावित व्यक्तिका लागि बेमौसमी तरकारी खेती तालिम सञ्चालन गरेको छ ।

उक्त कार्यक्रममा प्रशिक्षार्थीहरूलाई बेमौसमी तरकारी खेती तथा यसको कार्यक्षेत्र, छँटाइ एवं भण्डारण जस्ता सामान्य व्यवस्थापन अभ्यासहरू, एकीकृत रोग तथा कीट व्यवस्थापनसम्बन्धमा प्रशिक्षण प्रदान गरिएको थियो ।

यस कार्यक्रमले सहभागीहरूलाई व्यावसायिक तरकारी खेतीका लागि प्लाष्टिक घर निर्माण, विभिन्न तरकारी रोपन, प्लाष्टिक घरमा विरुवाहरूको छँटाइ जस्ता विभिन्न सहयोगका साथै अन्य अनुगमन सहयोगहरू पनि उपलब्ध गराइरहेको छ ।



एक प्रशिक्षार्थी श्री उमाकान्त नेपाल प्लाष्टिक घरमा विरुवाहरूको स्याहार गर्नुहुँदै ।



आयोजना प्रभावित व्यक्तिहरू प्रशिक्षणको एक व्यावहारिक सत्रमा सहभागी हुनुहुँदै ।



प्रशिक्षणका एक सहभागी श्रीमती सरस्वती अधिकारी प्लाष्टिक घरमा आफ्नो गोलभेँडाको विरुवाको हेरचाह गर्नुहुँदै ।



एक प्रशिक्षार्थी श्रीमती सुनिता श्रेष्ठ प्लाष्टिक टनेलमा गोलभेँडाको विरुवाको हेरचाह गर्नुहुँदै ।

# आयोजना प्रभावितहरूका लागि पुतली तथा चकटी बनाउने तालिम

यसैगरी, सप्रोस नेपालले रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रम अन्तर्गत नुवाकोटको बेलकोटगढी-७ मा २०७९ साल पुस ८ गतेदेखि आयोजना प्रभावित व्यक्तिहरूका लागि पुतली तथा चकटी बनाउने तालिम सञ्चालन गरेको छ ।

उक्त प्रशिक्षणमा १० जना आयोजना प्रभावित व्यक्तिहरूको सहभागिता रहेको छ ।

उक्त प्रशिक्षण भौतिक रूपमा विस्थापित भएका व्यक्तिहरूको जीविकोपार्जनका उपायमा सुधार भएको सुनिश्चित गर्ने अन्तरराष्ट्रिय मापदण्डमा आधारित पुनःस्थापना कार्ययोजनाको एक अभिन्न अङ्ग हो ।

यसका अतिरिक्त एमसिए-नेपालले २०७९ साल पुस ११ गते सप्रोस नेपाल सञ्चालक समिति, व्यवस्थापन टोलीका वरिष्ठ सदस्यहरू, कर्मचारीहरू तथा जीविकोपार्जन पुनःस्थापना कार्यक्रम कार्यान्वयन टोलीलाई एक दिने यौन दुर्व्यवहार, शोषण तथा हतोत्साहन रोकथाम प्रशिक्षण प्रदान गरेको थियो ।



*पुतली तथा चकटी बनाउने तालिममा सहभागीहरू ।*





# प्रसारण लाइन पुनःस्थापना कार्ययोजना तथा जीविकोपार्जन पुनःस्थापना कार्यक्रम तयारी तथा कार्यान्वयन थालनी बैठक

प्रसारण लाइन मार्गबाट प्रभावित व्यक्तिहरूका लागि प्रसारण लाइन पुनःस्थापना कार्ययोजना तथा जीविकोपार्जन पुनःस्थापना कार्यक्रमको तयारी तथा कार्यान्वयनसम्बन्धी योजना तथा अन्य आवश्यक कुराहरूबारे छलफल गर्नका लागि एमसिए-नेपाल तथा परामर्शदाताहरूबीच २०७९ साल पुस १४ र १५ गते थालनी बैठक सम्पन्न भएको छ ।

बैठकमा सहभागीहरूलाई स्वागत गर्नुहुँदै एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्टले आयोजनाका कार्यक्षेत्रमा बसोबास गरिरहेका व्यक्तिहरूलाई न्यूनतम प्रभाव पर्ने गरी आयोजना कार्यान्वयन गर्ने उद्देश्य एमसिए-नेपालको रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "अन्तरराष्ट्रिय व्यक्ति निगमका मापदण्डहरू तथा एमसीसी मार्गनिर्देशनहरू अनुसार पुनःस्थापनाका क्रममा प्रभावित व्यक्तिहरूलाई यथोचित क्षतिपूर्ति दिइएको छ र उनीहरूको जीविकोपार्जन पुनःस्थापित गरिएको सुनिश्चित गर्नका लागि पुनःस्थापना कार्ययोजना तथा जीविकोपार्जन पुनःस्थापना कार्यक्रम महत्वपूर्ण छन् ।"




*एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट उद्घाटन मन्तव्य राख्नुहुँदै ।*

सो बैठकमा एमसिए-नेपालका कर्मचारीहरूले एसीसी नेपाल कम्प्याक्टको आवश्यकता बमोजिम परामर्शदाताहरूका लागि वित्तीय तथा ब्राण्डिङ्ग मार्गनिर्देशनहरू प्रस्तुत गरेका थिए ।

यसैगरी परामर्शदाता तथा एसए इन्फ्रास्ट्रक्चर कन्सल्टेन्ट्स प्रालि, बोटेक बस्फरस टेक्निकल कन्सल्टिङ कर्पोरेसन, जिओईसी नेपाल प्रालि र टोटल म्यानेजमेन्ट सर्भिसेज् प्रालिबीचको संयुक्त उपक्रमका उप-टोली नेता श्री बाबुराम डुम्रेले प्रसारण लाइन पुनःस्थापना कार्ययोजना तथा जीविकोपार्जन पुनःस्थापना कार्यक्रमको तयारी तथा कार्यान्वयनसम्बन्धमा तयार गरिएका क्रियाकलापहरूको सिंहावलोकन प्रस्तुत गर्नुभयो ।

स्मरणीय छ, प्रसारण लाइन पुनःस्थापना कार्ययोजना तथा जीविकोपार्जन पुनःस्थापना कार्यक्रमको तयारी तथा कार्यान्वयनका लागि परामर्श सेवा उपलब्ध गराउन एसए इन्फ्रास्ट्रक्चर कन्सल्टेन्ट्स प्रालि, बोटेक बस्फरस टेक्निकल कन्सल्टिङ कर्पोरेसन, जिओईसी नेपाल प्रालि र टोटल म्यानेजमेन्ट सर्भिसेज् प्रालिबीचको संयुक्त उपक्रमलाई छनोट गरिएको थियो ।



*थालनी बैठकमा सहभागीहरू ।*

# सडक मर्मत आयोजना

## सडक मर्मतका लागि सम्पत्ति पुष्टीकरण तथा सामाजिक-आर्थिक सर्वेक्षण

एमसिए-नेपालको सडक मर्मत आयोजना टोलीले २०७९ साल मङ्सिर २५ देखि २८ गतेसम्म आयोजनाको कार्यक्षेत्रमा पर्ने पूर्व-पश्चिम राजमार्गको धानखोलादेखि लमहीसम्मको सडक खण्डमा सम्पत्ति पुष्टीकरण तथा सामाजिक-आर्थिक सर्वेक्षण गरेको छ ।

उक्त सर्वेक्षण आयोजनाबाट प्रभावित हुने सडक छेउका संरचनाहरूको मूल्याङ्कन गर्ने तथा क्षतिपूर्तिका लागि योग्य प्रभावित घरपरिवारहरूको पहिचान गर्ने उद्देश्यले गरिएको थियो ।

आयोजना अन्तर्गत सडक मर्मत कार्य गर्नका लागि उक्त ४० किमि सडक खण्ड छनोट गरिएको छ ।





*एमसिए-नेपालको टोली सम्पत्ति पुष्टीकरण तथा सामाजिक-आर्थिक सर्वेक्षण गर्दै ।*

## पेभमेण्ट डिजाइन कार्यका लागि तथ्याङ्क सङ्कलन

सडक विभागले पेभमेण्ट डिजाइन कार्यका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न फलिङ्ग वेट डिफ्लेक्टोमिटर प्रयोग गरी पूर्व-पश्चिम राजमार्गको धानखोलादेखि लमहीसम्मको सडक खण्डको पेभमेण्ट डिफ्लेक्सन मापन गरेको छ ।

उक्त कार्य २०७९ साल पुस १० देखि १७ गतेसम्मको अवधिमा गरिएको थियो ।

एमसिए-नेपालले सडक मर्मत आयोजना अन्तर्गत सडक मर्मत कार्य गर्नका लागि फूल डेप्थ रिक्लेमेशन प्रविधि प्रयोग गर्दैछ भने सडकको भारवहन क्षमतामा अभिवृद्धि गर्न र सडकको चिल्लोपनामा सुधार गर्नका लागि सुपेरियर पर्फमिङ आस्फाल्ट पेभमेण्ट (सुपरेपेभ) प्रविधि प्रयोग गर्दैछ ।

सडक विभागले सडक मर्मत आयोजनाका साझेदारका रूपमा प्राविधिक सहयोग तथा सडक मर्मतसँग सम्बन्धित दुई वटा क्रियाकलाप कार्यान्वयनमा सहयोग गर्नेछ । सडक विभागले गर्ने राजमार्ग मर्मत तथा पुनःस्थापना योजना तर्जुमामा प्रयोग गर्नका लागि एमसिए-नेपालले २०७६ साल फागुनमा एउटा फलिङ्ग वेट डिफ्लेक्टोमिटर खरिद गरेको थियो भने सोही वर्ष चैतमा उक्त उपकरण जडान कार्य सम्पन्न गरी त्यसको सञ्चालनसम्बन्धी प्रशिक्षण कार्यक्रम पनि सञ्चालन गरिएको थियो ।







*सडक विभागको टोली पूर्व-पश्चिम राजमार्गको धानखोलादेखि लमहीसम्मको सडक खण्डको पेभमेण्ट डिफ्लेक्सन मापन गर्दै ।*

# एमसीसी नेपाल कम्प्याक्ट तथ्यहरू

## एमसीसी नेपाल कम्प्याक्ट अन्तर्गतका आयोजनाहरूको छनोट कसरी गरिएको थियो ?

एमसीसी नेपाल कम्प्याक्ट अन्तर्गतका विद्युत् प्रसारण आयोजना तथा सडक मर्मत आयोजना नागरिक समाज, निजी क्षेत्र तथा अन्य कैयौं सरोकारवालासँग परामर्श गरेर नेपालले निर्धारण गरेका प्राथमिकताहरू हुन् ।

२०७१ सालको पुसदेखि नेपाल सरकार तथा एमसीसी पहिचान भएका नेपालको विकासका अवरोधहरूलाई सम्बोधन गर्ने कम्प्याक्ट तयार गर्नमा केन्द्रित भएका थिए ।

नेपाल सरकार तथा एमसीसीका लागि कार्यरत अर्थशास्त्रीहरूको एउटा संयुक्त टोलीले नेपाल सरकारभित्रका र बाहिरका विभिन्न क्षेत्रका सरोकारवालाहरूलाई सक्रिय रूपमा सहभागी गराएर वर्षौं लगाएर नेपालको विकासका अवरोधहरूसम्बन्धमा विस्तृत समीक्षात्मक विश्लेषण गरेको थियो ।

यो विस्तृत तथा समावेशी विश्लेषणले नेपालको आर्थिक विकासमा चार वटा प्रमुख अवरोध रहेको निष्कर्ष निकालेको थियो । पहिचान गरिएका ती अवरोध थिए - नीति कार्यान्वयनमा अनिश्चितता; अपर्याप्त विद्युत् आपूर्ति; निकै खर्चिलो यातायात र चुनौतीपूर्ण औद्योगिक सम्बन्ध तथा परिमार्जन नगरिएका श्रम ऐन एवं नियमावलीहरू ।

ती निष्कर्षहरूप्रति सहमति जनाउँदै नेपाल सरकार तथा एमसीसी अन्त्यमा पहलका लागि प्राथमिकता क्षेत्रका रूपमा पहिचान गरिएका अवरोधहरूमध्ये दुई वटा अर्थात् अपर्याप्त विद्युत् आपूर्ति तथा निकै खर्चिलो यातायातमा केन्द्रित हुन सहमत भए ।

कम्प्याक्ट तर्जुमा प्रक्रियाभरि नै नेपाल सरकारले आयोजनाको ढाँचा तयार गर्न तथा जोखिम न्यूनीकरण गर्नका लागि सहयोग, मार्गनिर्देशन तथा प्रतिक्रिया प्राप्त गर्नका लागि नागरिक समाज, श्रम सङ्गठनहरू, विकास साझेदारहरू, राजनैतिक दलहरू तथा अन्य सान्दर्भिक समुदायहरूलाई संलग्न गरेको थियो ।

उक्त प्रतिवेदन एमसिए-नेपालको वेबसाइटको निम्नलिखित लिङ्कमा उपलब्ध छ :


https://mcanp.org/en/wp-content/uploads/2021/10/Nepal_Growth-Diagnostic-Report-2014-May.pdf

# नयाँ प्रकाशनहरू

## एमसिए-नेपालको वार्षिक प्रतिवेदन

एमसिए-नेपालको आव २०७८/०७९ को वार्षिक प्रतिवेदन सर्वसाधारणका लागि नेपाली र अङ्ग्रेजी भाषामा यसको वेबसाइटमा उपलब्ध छ । यस प्रतिवेदनमा नेपाल सरकारसमक्ष प्रस्तुत गरिएको वित्तीय प्रतिवेदन, एमसिए-नेपालको सञ्चालक समितिसमक्ष प्रस्तुत गरिएको आयोजनाहरूका अद्यावधिक जानकारी तथा २०७८ साल साउन १ गतेदेखि २०७९ साल असार ३२ गतेसम्मको अवधिको संस्थागत अवस्थासम्बन्धी जानकारी समेटिएको छ ।

https://mcanp.org/en/wp-content/uploads/2022/11/MCA-Annual-Report-2022_English.pdf




## पाँच वटा भाषामा जानकारी पुस्तिका




एमसिए-नेपालले यसको विद्युत् प्रसारण आयोजनाबाट वन क्षेत्रमा पर्ने प्रभाव तथा प्रभाव न्यूनीकरणका लागि अपनाइएका पहलसम्बन्धी प्रश्नोत्तरसहितको जानकारी पुस्तिका प्रकाशन गरेको छ । उक्त जानकारी पुस्तिका नेपाली भाषाका साथै आयोजनाको कार्यक्षेत्रका आदिवासी जनजातिको सुविधाका लागि भोजपुरी, चेपाङ, मगर तथा तामाङ भाषामा पनि तयार गरिएको छ । एमसिए-नेपालको विद्युत् प्रसारण आयोजना अन्तर्गत निर्माण गर्न लागिएको प्रसारण लाइनले काठमाडौं, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, मकवानपुर, चितवन, तनहुँ, पाल्पा, नवलपरासी (वर्दघाट सुस्ता पूर्व) र नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) गरी १० जिल्लाका ३० नगरपालिकालाई छुन्छ ।

यसका अतिरिक्त, एमसिए-नेपालले एमसीसी नेपाल कम्प्याक्टसम्बन्धी सामान्य प्रश्नोत्तरसहितको जानकारी पुस्तिकालाई पनि भोजपुरी, चेपाङ, मगर तथा तामाङ भाषामा प्रकाशित गरेको छ । यी पुस्तिका पनि सर्वसाधारणका लागि एमसिए-नेपालको वेबसाइटको निम्नलिखित लिङ्कमा उपलब्ध छ :

https://mcanp.org/en/publications-resources/

# सामुदायिक आवाज

## तरकारी उत्पदाकका रूपमा रामप्यारीको यात्रा



*श्रीमती रामप्यारी राई आफ्नो तरकारी नर्सरीमा काम गर्नुहुँदै ।*





*श्रीमती रामप्यारी राई बन्दाका विरुवा रोप्नुहुँदै ।*

एमसिए-नेपालले रातमाटेमा विद्युत् सबस्टेशन निर्माणका लागि आफ्नो जमिन लिन लागेको छ भन्ने सुन्दा रातमाटेमा गरिएको जग्गा अधिग्रहणबाट प्रभावित नुवाकोटको रातमाटेका अन्य स्थानीय वासिन्दाहरू जस्तै श्रीमती रामप्यारी राई र उनका परिवार पनि दुःखी भएका थिए ।

तर जग्गा प्राप्ति प्रक्रिया सम्पन्न भएपछि भने उनीहरूको अनुभव पूरै फरक रह्यो ।

“हाम्रो परिवारले लामो समयदेखि खेती गरिरहेको जमिन बेच्नुपर्दा मलाई निक्कै दुःख लागेको थियो । पछि हामीले एमसिए-नेपालले क्षतिपूर्ति रकम मात्र नभई एमसिए-नेपालबाट जीविकोपार्जन पुनःस्थापनाका लागि हामीले छाने अनुसारको सहयोग पनि पायौँ”, श्रीमती राईले भन्नुभयो ।

आयोजनाबाट प्रभावित व्यक्तिका रूपमा श्रीमती राईलाई आफैले छानेर एमसिए-नेपालको परामर्शदाता सप्रोस नेपालद्वारा रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रम अन्तर्गत सञ्चालित चार दिने व्यावसायिक तरकारी खेती तालिममा सहभागी हुने अवसर प्रदान गरिएको थियो ।

“म उक्त प्रशिक्षणमा सक्रियतापूर्वक सहभागी भएँ र नर्सरी व्यवस्थापन, माटो उपचार तथा पोषणहरू, मौसमी एवं बेमौसमी बालीहरू लगाउने समयतालिका, प्लाष्टिक टनेल घर निर्माण तथा पानी किफायती प्रविधिको प्रयोग जस्ता आधारभूत सीपहरू सिकेँ”, उहाँले भन्नुभयो । उक्त प्रशिक्षण तरकारी उत्पादनका क्रममा नवीन कम लागतकारी एवं जलवायुमैत्री प्रविधिको प्रयोगमा केन्द्रित रहेको थियो ।

यसका अतिरिक्त, कार्यक्रमको सहयोगबाट उहाँले आफ्नै जग्गामा काउली र बन्दाको नर्सरी स्थापना गर्नुभएको छ र उक्त प्रशिक्षणबाट हासिल गरेका सीप एवं ज्ञानका आधारमा तरकारीका विरुवाहरूको स्याहार गरिरहनुभएको छ ।

उहाँले मुस्कुराउँदै सहयोग प्रक्रियाबारे थप प्रकाश पार्नुभयो, “सप्रोस नेपालका प्रतिनिधिहरू जीविकोपार्जनका लागि अपनाउने माध्यमको छनोटबारे म र मेरो परिवारसँग सल्लाह गर्न हाम्रो आँगनमै आउनुभएको थियो र हाम्रो जीविकोपार्जनमा सुधार गर्नका लागि सहयोग उपलब्ध गराउने प्रस्ताव राख्नुभएको थियो । उहाँहरूले हाम्रो खेत व्यावसायिक तरकारी खेतीका लागि उपयुक्त भएको सुझाव दिनुभयो । उहाँहरूले हाम्रो खेतलाई निक्कै राम्ररी उपयोग गर्नका लागि व्यावसायिक तरकारी खेतीसम्बन्धी प्रशिक्षणमा सहभागी हुन प्रोत्साहित पनि गर्नुभयो ।”

प्रशिक्षणपछि पनि उक्त कार्यक्रमले उहाँलाई तरकारी खेतीलाई स्वस्थ बनाउनका लागि सहयोग उपलब्ध गराइरहेको छ । तरकारी खेती तथा जलवायुमैत्री सिँचाइ प्रविधि (थोपा सिँचाइ) का लागि प्लाष्टिक टनेल घर निर्माण गर्नका लागि उहाँलाई सामग्री प्रदान गरिनुका साथै तरिका पनि सिकाइएको थियो ।

गरिबीका कारण कहिल्यै विद्यालयको मुख देख्न नपाउनुभएकी र क्षमता विकाससम्बन्धी चेतनाको अभावका कारण हालसालै लिनुभएको जस्तो प्रशिक्षणबाट विगतमा लाभान्वित नहुनुभएकी श्रीमती राई अहिले तरकारी उत्पादक बन्ने यात्रा थाल्न सफल हुनुभएको छ ।

उहाँ भन्नुहुन्छ, “मेरो खेती व्यवसायका रूपमा म तरकारी खेतीलाई अगाडि बढाउनेछु भन्ने कुरामा म ढुक्क छु । हाम्रो जीविकोपार्जन पुनःस्थापना गर्नका लागि हामीलाई सहयोग उपलब्ध गराएकोमा म एमसिए-नेपालप्रति आभारी छु ।”



*श्रीमती रामप्यारी राई (बायाँबाट तेस्री) अन्य प्रशिक्षार्थीहरूका साथमा ।*


**सम्पर्कका लागि :**

**मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)**

लालदरवार सम्मेलन केन्द्र, याक एण्ड यति परिसर, दरवार मार्ग, काठमाडौँ, नेपाल

+९७७-१-४५४०९५१ | info@mcanp.org | www.mcanp.org


*विद्युत् तथा सडकमा सहज पहुँचमार्फत आर्थिक विकास*